# बबई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ्ग
लुम्बिनी प्रदेश, नेपाल

**करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९।०८।२३**

यस बबई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा तपशील बमोजिमका रिक्त पदहरुमा उल्लेखित संख्यामा कर्मचारीहरु विज्ञापन मार्फत करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजात सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | विज्ञापन नं. | पद | तह | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०१-२०७९/०८० | रोजगार सहायक | स.पाँचौ | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्यूटर सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको। |
| २ | ०२-०२०७९/०८० | रिटर्नी स्वयमंसेवक | श्रेणी विहिन | १ जना | न्यूनतम कक्षा दश पास गरी वैदेशिक रोजगार (खाडि मुलुक र मलेशिया) मा गई कम्तीमा १ बर्ष काम गरेको अनुभव भएको तथा भिसा लागेको पासपोर्टमा श्रम स्वीकृतको छाँप भएको हुनु पर्नेछ। |

**शैक्षिक योग्यता, अनुभव र आवश्यकता**

**१.आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

ख. दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको,

**२. आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः-

क) नेपाली नागरिकता प्रमाणपत्र
ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र
ग) चारित्रिक प्रमाणपत्र
घ) तालिमको प्रमाणपत्र
ङ) अनुभव भए सोको कागजात
च) २ प्रति पासपोर्ट साईजको फोटो

**३.दरखास्त दस्तुरः** रोजगार सहायकको हकमा रु.५००।– (पाँच सय रुयैयाँ मात्र) र रिटर्नी स्वयमंसेवकको हकमा रु.३००।– (तीन सय रुपैयाँ मात्र) परिक्षा शुल्क यस गाउँपालिका कार्यालयको नबिल बैंक लिमिटेड हापुरे शाखामा रहेको खाता नं. ग.१.१ आन्तरिक राजश्व खाता २२००१०१७५००३१ मा जम्मा गरी सक्कल बैंक भोचर पेश गर्नुपर्नेछ।

**४. कार्य विवरणः** रोजगार सहायकको हकमा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ बमोजिम र रिटर्नी स्वयमंसेवकको हकमा सुरक्षित आप्रवासन (सामी) परियोजना कार्यक्रम संचालन मार्गदर्शन, २०७९ बमोजिम हुनेछ।

**५. पारिश्रमिक सेवा शर्तः** नियमानुसार।

**६. छनौट किसिमः** लिखित, अन्तर्वार्ता र प्रयोगात्मक

**७. परीक्षा फाराम बुझाउने स्थानः** बबई गाउँपालिकाको कार्यालय हापुरे, दाङ प्रशासन शाखामा बुझाउनु पर्नेछ।

**८. पाठ्यक्रमः** रोजगार सहायकको हकमा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्बन्धी मापदण्ड, २०७८ बमोजिम र रिटर्नी स्वयमंसेवकको हकमा सुरक्षित आप्रवासन (सामी) परियोजना कार्यक्रम संचालन मार्गदर्शन, २०७९ बमोजिम हुनेछ।

**९. लिखित परीक्षा मितिः** पछि सुचना प्रकाशित गरी जानकारी गराईनेछ।

(नोटः- आवेदनको ढाँचा लगायत अन्य जानकारी यस कार्यालयको वेवसाईट www.babaimun.gov.np बाट डाउनलोट गर्न सकिनेछ।)

२०७९।८।२३

मुक्ति नन्द रावल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत